# स्थानीय राजपत्र


## रघुगंगा गाउँपालिकाद्वारा प्रकाशित

खण्डः १०, मौवाफाँट, म्याग्दी, जेठ २१ गते २०८३ साल


# भाग-२

## रघुगंगा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय

रघुगंगा गाउँपालिकाको कार्यपालिकाले पारित गरेको तल लेखिए बमोजिमको पहिलो संशोधित कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा बमोजिम सर्वसाधारणको (३) जानकारीको लागि प्रकाशन गरिएको छ।

संवत् २०८३ सालको कार्यविधि संख्या नं. ०२

# रघुगंगा गाउँपालिकाबाट गरिने बजार अनुगमन निर्देशिका, (पहिलो संशोधन), २०८३

☯पहिलो संशोधन कार्यविधि २०८३ द्वारा संशोधित

**रघुगंगा गाउँपालिकाबाट गरिने बजार अनुगमन निर्देशिका, २०७५ लाई संशोधन गर्न बनेको निर्देशिका , २०८३**

**प्रस्तावनाः** रघुगंगा गाउँपालिकाबाट गरिने बजार अनुगमन निर्देशिका, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकाले गाउँ कार्यपालिकाले यो संशोधन जारी गरेको छ।

**संक्षिप्त नाम र प्रारम्भः** यस संशोधनको नाम "रघुगंगा गाउँपालिकाबाट गरिने बजार अनुगमन निर्देशिका (पहिलो संशोधन) २०८३ रहेको छ।

२) यो निर्देशिका रघुगंगा गाउँपालिकाको कार्यपालिकामा निर्णय भएको मितिदेखि लागु हुनेछ।

**मूल निर्देशिकाको दफा ८ मा संशोधनः**

रघुगंगा गाउँपालिकाबाट गरिने बजार अनुगमन निर्देशिका, २०७५ को दफा ८ को उपदफा (४) पछि देहायको उपदफा (५) थप गरिएको छ।

अनुगमनमा खटिने विज्ञ/प्रतिनिधि (टोली) लाई अनुसूची ३ बमोजिम ढाचाँमा समावेश सेवा सुविधा हुनेछ।

**मूल निर्देशिकामा देहायको अनुसूची ३ थप गरिएको छ।**

**अनुसूची -३**

(रघुगंगा गाउँपालिकाबाट गरिने बजार अनुगमन निर्देशिका, २०७५ को दफा ८ (५) सँग सम्बन्धित)

<u>अनुगमनमा खटिने विज्ञ /प्रतिनिधि टोलीले पाउने सुविधाहरु</u>

१)अनुगमन भत्ताः

क) ६ घण्टा भन्दा बढी कार्य सम्पादन /अनुगमन गरेकोमा — रु. १५००/-

ख) ६ घण्टा भन्दा कम कार्य सम्पादन /अनुगमन गरेकोमा — रु. १०००/-

२) खाजा/चियाः रु. ४०० प्रति व्यक्ति प्रति दिन

३) यातायात सुविधाः

क) कार्यालय बाहिरका प्रतिनिधिलाई दुरीका आधारमा स्वीकृत भाडा रकम उपलब्ध गराउने।

ख) कार्यालय भित्रका प्रतिनिधिको हकमा प्रति दिनको २ लिटरको दरले इन्धन खर्च रकम उपलब्ध गराउने।

५) खानाः प्रति व्यक्ति प्रति पटक रु. ४००/- (खाना खानुपर्ने अवस्थामा)

६) आवास खर्च प्रति व्यक्ति रु. १०००/- सम्म (आवास सुविधा लिनुपर्ने अवस्थामा)

☯पहिलो संशोधन कार्यविधि २०८३ द्वारा संशोधित

७) अन्य/ विविध- २०००/-

माथि बुँदा नं ७ मा उल्लेखित सुविधाको लागि प्रमुख प्रशासकीय अधिकृतको पूर्व स्वीकृती अनिवार्य रहनेछ।

**आज्ञाले**

**कुलराज पौडेल**

**प्रमुख प्रशासकीय अधिकृत**

☯पहिलो संशोधन कार्यविधि २०८३ द्वारा संशोधित